त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
पक्लिहवा क्याम्पस भैरहवा नेपाल ।

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०५।१४

यस पक्लिहवा क्याम्पसमा संचालित कृषि स्नातक कार्यक्रमको निम्ति केन्द्रीय प्रयोगशाला निर्माण गर्न चाहिने आवश्यक तपसिल बमोजिमको बैज्ञानिक एंव शैक्षिक उपकरणहरु खरिद गर्नु परेको हुंदा इच्छुक रजिष्टर्ड फर्म वा सप्लायर्सहरुबाट रितपूवर्कको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ। दरभाउपत्र दाताले दरभाउपत्र साथ कार्यरत वा कारोवार सम्बन्धी कागजातहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ।

**शर्तहरु :**

१। दरभाउपत्र रु १,०००।- दस्तुर (फिर्ता नहुने) नगदै बुझाई रसिद साथ नविकरण भएको इजाजत पत्र मु. अ. कर दर्ता प्रमाणपत्र र आ. व. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयमा लेखा शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिन्छ ।

२। यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार भरी सिलवन्दी गरी खामको बाहिर कामको विवरण दरभाउपत्र दाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ औं दिन दिनको १२: ०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र सोही दिनको २ :०० बजे दरभाउपत्र दाता स्वंय वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३। सिलबन्दी दरभाउपत्र दाताले यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड भैरहवा च. हि. नं. ०११००१००४१७७५५००००१ मा रु ५६,०००।- जमानत वापतको नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी भएको पत्र (बीडवण्ड) संलग्न हुनु पर्नेछ ।

४। दरभाउपत्र शर्त रहित प्रत्येक आईटममा केरमेट नभएको. कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठांउमा दस्तखत भएको हुनु पर्नेछ। समयभित्र प्राप्त नभएको. रित नपुगेको सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

५। दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ ।

६। नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु दररेटमा समावेश भएको मानिने छ।

७। दरभाउपत्र दाताले कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ। दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

८। सिलवन्दी दरभाउपत्रको डकुमेन्ट स्पेसिफिकेसन. परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्ने छैन ।

९। प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०। सिलवन्दी दरभाउपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

**तपसिल**

| सि. नं. | उपकरणको नाम | संख्या | अनुमानित लागत मुल्य मु. अ. कर सहित |
|---|---|---|---|
| 1. | Incubator (125L) | 1 | 1,02,818.00 |
| 2. | Autoclave (100L) | 1 | 5,59,350.00 |
| 3. | Laminar Ariflow Cabinet | 1 | 2,20,305.00 |
| 4. | Distillation Double Unit 5 LT/hr | 1 | 2,37,300.00 |
| 5. | Spectrophotometer UV/VIS | 1 | 8,73,264.00 |
| | Total with vat | | 19,93,037.00 |

उपरोक्त उल्लेखित मुल्यमा मुल्य अभिवृद्धि कर समावेश गरिएको छ ।

क्याम्पस प्रमुख

क्याम्पस प्रमुख
कृषि र पशु विज्ञान अध्ययन संस्थान
पक्लिहवा क्याम्पस